आज मिति २०८० असाढ १० गते बिहिवार दिनको ४:०० बजे यस कीर्तिपुर नगरपालिकाका नगर प्रमुख श्री राजकुमार नकर्मीज्युको अध्यक्षतामा पाङ्गा पार्टी भेन्यू की.न.पा. वडा नं ८ मा भएको तेस्रो नगरसभाको वैठकमा तपशिल बमोजिमको उपस्थितमा निम्नानुसार निर्णय गरियो ।

| सि.न. | पद | नाम, थर | दस्तखत |
|---|---|---|---|
| १ | नगर प्रमुख | श्री राजकुमार नकर्मी | |
| २ | नगर उप-प्रमुख | श्री शुभलक्ष्मी शाक्य (सुनिता) | |
| ३ | नगरसभा सदस्य, अध्यक्ष वडा न. १ | श्री हिरालाल महर्जन | |
| ४ | नगरसभा सदस्य, अध्यक्ष वडा न. २ | ई. श्री रुपेश महर्जन | |
| ५ | नगरसभा सदस्य, अध्यक्ष वडा न. ३ | श्री सुविन्द्र महर्जन | |
| ६ | नगरसभा सदस्य, का. भा. अध्यक्ष वडा न. ४ | श्री दिनेश चन्द्र दाहाल | |
| ७ | नगरसभा सदस्य, अध्यक्ष वडा न. ५ | श्री राजेन्द्र कुमार महर्जन | |
| ८ | नगरसभा सदस्य, अध्यक्ष वडा न. ६ | श्री खीरमान सिंह बस्नेत(पृथ्वी) | |
| ९ | नगरसभा सदस्य, अध्यक्ष वडा न. ७ | श्री दिवाकर अधिकारी | |
| १० | नगरसभा सदस्य, अध्यक्ष वडा न. ८ | श्री सानु मैया महर्जन | |
| ११ | नगरसभा सदस्य, अध्यक्ष वडा न. ९ | श्री दिनेश श्रेष्ठ | |
| १२ | नगरसभा सदस्य, अध्यक्ष वडा न. १० | श्री नरेश महर्जन | |
| १३ | नगरसभा सदस्य | श्री जमुना महर्जन | |
| १४ | नगरसभा सदस्य | श्री पवित्रा विष्ट | |
| १५ | नगरसभा सदस्य | श्री विमला थापा( कार्की) | |
| १६ | नगरसभा सदस्य | श्री राजिता गौतम महर्जन | |
| १७ | नगरसभा सदस्य | श्री राज्यलक्ष्मी श्रेष्ठ शाक्य | |
| १८ | नगरसभा सदस्य | श्री हरिराम बोगटी | |
| १९ | नगरसभा सदस्य | श्री सुजाता सुनाम | |
| २० | नगरसभा सदस्य | श्री हेरेराम महर्जन | |
| २१ | नगरसभा सदस्य | श्री सरस्वती ज्ञवाली | |
| २२ | नगरसभा सदस्य | श्री शुष्मा विश्वकर्मा | |
| २३ | नगरसभा सदस्य | श्री नेत्र बहादुर भट्टराई | |
| २४ | नगरसभा सदस्य | श्री शर्मिला श्रेष्ठ (महर्जन) | |
| २५ | नगरसभा सदस्य | श्री दिल बहादुर महर्जन | |

| सि.न. | पद | नाम, थर | दस्तखत |
|---|---|---|---|
| २६ | नगरसभा सदस्य | श्री अशोक महर्जन | |
| २७ | नगरसभा सदस्य | श्री रामदेवी महर्जन | |
| २८ | नगरसभा सदस्य | श्री सिता खाती | |
| २९ | नगरसभा सदस्य | श्री दिल कुमार शाही | |
| ३० | नगरसभा सदस्य | श्री अनिल बास्कोटा | |
| ३१ | नगरसभा सदस्य | श्री सुमित्रा थापा | |
| ३२ | नगरसभा सदस्य | श्री सलिना परियार | |
| ३३ | नगरसभा सदस्य | श्री रामकुमार महर्जन | |
| ३४ | नगरसभा सदस्य | श्री सहनशिला महर्जन (दैवज्ञा) | |
| ३५ | नगरसभा सदस्य | श्री दुर्गा रम्तेल | |
| ३६ | नगरसभा सदस्य | श्री कान्छा महर्जन (शंकर) | |
| ३७ | नगरसभा सदस्य | श्री नन्दलाला महर्जन | |
| ३८ | नगरसभा सदस्य | श्री टीका कुमारी सार्की | |
| ३९ | नगरसभा सदस्य | श्री उमा महर्जन | |
| ४० | नगरसभा सदस्य | श्री विनोद के सी | |
| ४१ | नगरसभा सदस्य | श्री प्रमिला सुनाम | |
| ४२ | नगरसभा सदस्य | श्री दुर्गालाल माली | |
| ४३ | नगरसभा सदस्य | श्री नरेन्द्र श्रेष्ठ | |
| ४४ | नगरसभा सदस्य | श्री रजित महर्जन | |
| ४५ | नगरसभा सदस्य | श्री मानदेवी महर्जन | |
| ४६ | नगरसभा सदस्य | श्री सरस्वती सिं (परियार) | |
| ४७ | नगरसभा सदस्य | श्री सिजन महर्जन | |
| ४८ | नगरसभा सदस्य | श्री सुनिल सुवाल | |
| ४९ | नगरसभा सदस्य | श्री यशोदा परियार | |
| ५० | नगरसभा सदस्य | श्री ज्ञानेश्वर महर्जन | |
| ५१ | नगरसभा सदस्य | श्री सुदन महर्जन | |
| ५२ | नगरसभा सदस्य | श्री मञ्जु परियार | |
| ५३ | सचिव | श्री लक्ष्मी प्रसाद बास्कोटा | |



CamScanner

आज मिति २०८० असाढ १० गते बिहिवार दिनको ४:०० बजे यस कीर्तिपुर नगरपालिकाका नगर प्रमुख श्री राजकुमार नकर्मीज्युको अध्यक्षतामा पाङ्गा पार्टी भेन्यू की.न.पा. वडा नं ८ मा भएको तेस्रो नगरसभाको बैठकमा तपशिल बमोजिमका सहयोगी कर्मचारीहरूको उपस्थिति रह्यो ।

| सि.न. | पद | नाम, थर | दस्तखत |
|---|---|---|---|
| १ | उप-सचिव | श्री टंक लाल. गैरे | |
| २ | बरिष्ठ ईन्जिनियर | श्री बालकृष्ण महर्जन | |
| ३ | लेखा अधिकृत | श्री प्रविन कुमार शाही | |
| ४ | बरिष्ठ अधिकृत | श्री सुजिन्द्र महर्जन | |
| ५ | बरिष्ठ अधिकृत | श्री जनक थापा | |
| ६ | क.अ. | श्री अकिल अमात्य | |
| ७ | नगर प्रमुख सचिवालय | श्री राजकपुर श्रेष्ठ | |
| ८ | नगर उप प्रमुख सचिवालय | श्री केशव महर्जन | |
| ९ | ना.सु. | श्री राजकुमार महर्जन | |
| १० | क.अ. | श्री रविन नकर्मी | |
| ११ | रोजगार सहायक | श्री प्रेरणा महर्जन | |

CS CamScanner

आज मिति २०८० असाढ १७ गते आईतवार दिनको १:०० बजे यस कीर्तिपुर नगरपालिकाका नगर प्रमुख श्री राजकुमार नकर्मीज्युको अध्यक्षतामा यस नगरपालिकाको कार्यालय भवनको सभाहलमा आयोजित बैठकमा तपशिल बमोजिमको उपस्थितमा निम्नानुसार निर्णय गरियो ।

| सि.न. | पद | नाम, थर | दस्तखत |
|---|---|---|---|
| १ | नगर प्रमुख | श्री राजकुमार नकर्मी | |
| २ | नगर उप-प्रमुख | श्री शुभलक्ष्मी शाक्य (सुनिता) | |
| ३ | नगरसभा सदस्य, अध्यक्ष वडा न. १ | श्री हिरालाल महर्जन | |
| ४ | नगरसभा सदस्य, अध्यक्ष वडा न. २ | ई. श्री रुपेश महर्जन | |
| ५ | नगरसभा सदस्य, अध्यक्ष वडा न. ३ | श्री सुबिन्द्र महर्जन | |
| ६ | नगरसभा सदस्य, का. भा. अध्यक्ष वडा न. ४ | श्री दिनेश चन्द्र दाहाल | |
| ७ | नगरसभा सदस्य, अध्यक्ष वडा न. ५ | श्री राजेन्द्र कुमार महर्जन | |
| ८ | नगरसभा सदस्य, अध्यक्ष वडा न. ६ | श्री खीरमान सिंह बस्नेत(पृथ्वी) | |
| ९ | नगरसभा सदस्य, अध्यक्ष वडा न. ७ | श्री दिवाकर अधिकारी | |
| १० | नगरसभा सदस्य, अध्यक्ष वडा न. ८ | श्री सानु मैया महर्जन | |
| ११ | नगरसभा सदस्य, अध्यक्ष वडा न. ९ | श्री दिनेश श्रेष्ठ | |
| १२ | नगरसभा सदस्य, अध्यक्ष वडा न. १० | श्री नरेश महर्जन | |
| १३ | नगरसभा सदस्य | श्री जमुना महर्जन | |
| १४ | नगरसभा सदस्य | श्री पवित्रा विष्ट | |
| १५ | नगरसभा सदस्य | श्री विमला थापा( कार्की) | |
| १६ | नगरसभा सदस्य | श्री राजिता गौतम महर्जन | |
| १७ | नगरसभा सदस्य | श्री राज्यलक्ष्मी श्रेष्ठ शाक्य | |
| १८ | नगरसभा सदस्य | श्री हरिराम बोगटी | |
| १९ | नगरसभा सदस्य | श्री सुजाता सुनाम | |
| २० | नगरसभा सदस्य | श्री हरेराम महर्जन | |
| २१ | नगरसभा सदस्य | श्री सरस्वती ज्ञवाली | |
| २२ | नगरसभा सदस्य | श्री शुष्मा विश्कर्मा | |
| २३ | नगरसभा सदस्य | श्री नेत्र बहादुर भट्टराई | |
| २४ | नगरसभा सदस्य | श्री शर्मिला श्रेष्ठ (महर्जन) | |
| २५ | नगरसभा सदस्य | श्री दिल बहादुर महर्जन | |



CamScanner

| सि.न. | पद | नाम, थर | दस्तखत |
|---|---|---|---|
| २६ | नगरसभा सदस्य | श्री अशोक महर्जन | |
| २७ | नगरसभा सदस्य | श्री रामदेवी महर्जन | |
| २८ | नगरसभा सदस्य | श्री सिता खाती | |
| २९ | नगरसभा सदस्य | श्री दिल कुमार शाही | |
| ३० | नगरसभा सदस्य | श्री अनिल बास्कोटा | |
| ३१ | नगरसभा सदस्य | श्री सुमित्रा थापा | |
| ३२ | नगरसभा सदस्य | श्री सलिना परियार | |
| ३३ | नगरसभा सदस्य | श्री रामकुमार महर्जन | |
| ३४ | नगरसभा सदस्य | श्री सहनशिला महर्जन (दैवज्ञा) | |
| ३५ | नगरसभा सदस्य | श्री दुर्गा रम्तेल | |
| ३६ | नगरसभा सदस्य | श्री कान्छा महर्जन (शंकर) | |
| ३७ | नगरसभा सदस्य | श्री नन्दलाला महर्जन | |
| ३८ | नगरसभा सदस्य | श्री टीका कुमारी सार्की | |
| ३९ | नगरसभा सदस्य | श्री उमा महर्जन | |
| ४० | नगरसभा सदस्य | श्री विनोद के सी | |
| ४१ | नगरसभा सदस्य | श्री प्रमिला सुनाम | |
| ४२ | नगरसभा सदस्य | श्री दुर्गालाल माली | |
| ४३ | नगरसभा सदस्य | श्री नरेन्द्र श्रेष्ठ | |
| ४४ | नगरसभा सदस्य | श्री रजित महर्जन | |
| ४५ | नगरसभा सदस्य | श्री मानदेवी महर्जन | |
| ४६ | नगरसभा सदस्य | श्री सरस्वती सिं (परियार) | |
| ४७ | नगरसभा सदस्य | श्री सिजन महर्जन | |
| ४८ | नगरसभा सदस्य | श्री सुनिल सुवाल | |
| ४९ | नगरसभा सदस्य | श्री यशोदा परियार | |
| ५० | नगरसभा सदस्य | श्री ज्ञानेश्वर महर्जन | |
| ५१ | नगरसभा सदस्य | श्री सुदन महर्जन | |
| ५२ | नगरसभा सदस्य | श्री मञ्जु परियार | |
| ५३ | सचिव | श्री लक्ष्मी प्रसाद बास्कोटा | |



CamScanner

आज मिति २०८० असाढ १७ गते आइतवार दिनको १:०० बजे यस कीर्तिपुर नगरपालिकाका नगर प्रमुख श्री राजकुमार नकर्मीज्युको अध्यक्षतामा कीर्तिपुर नगरपालिकाको कार्यालय भवनको सभाहलमा भएको नगरसभाको बैठकमा तपशिल बमोजिमका सहयोगी कर्मचारीहरूको उपस्थिति रह्यो ।

| सि.न. | पद | नाम, थर | दस्तखत |
|---|---|---|---|
| १ | उप-सचिव | श्री टंक लाल गैरे | |
| २ | वरिष्ठ ईन्जिनियर | श्री बालकृष्ण महर्जन | |
| ३ | लेखा अधिकृत | श्री प्रविन कुमार शाही | |
| ४ | वरिष्ठ अधिकृत | श्री सुजिन्द्र महर्जन | |
| ५ | वरिष्ठ अधिकृत | श्री जनक थापा | |
| ६ | वरिष्ठ लेखा अधिकृत | श्री नरेन्द्र महर्जन | |
| ७ | क.अ. | श्री अकिल अमात्य | |
| ८ | नगर प्रमुख सचिवालय | श्री राजकपुर श्रेष्ठ | |
| ९ | नगर उप प्रमुख सचिवालय | श्री केशव महर्जन | |
| १० | ना.सु. | श्री राजकुमार महर्जन | |
| ११ | क.अ. | श्री रविन नकर्मी | |
| १२ | रोजगार सहायक | श्री प्रेरणा महर्जन | |

CamScanner

# तेस्रो नगरसभाका दोस्रो बैठकका निर्णयहरु

## २०८० असार १७ गते

१. आ.व. २०८०/०८१ का लागि तेस्रो नगरसभामा पेश भएको नीति तथा कार्यक्रम संशोधन सहित पारित गर्ने निर्णय गरियो ।

२. नगर कार्यपालिकाबाट स्वीकृतिका लागि सभामा पेश भएका तपशिल बमोजिमका विधेयकहरु स्वीकृत गर्ने निर्णय गरियो ।

- कीर्तिपुर नगरपालिकाको आर्थिक विधेयक, २०८०
- कीर्तिपुर नगरपालिकाको विनियोजन विधेयक, २०८०

३. नगरसभाबाट स्वीकृत आगामी आ.व.२०८०/०८१ को बजेट तथा कार्यक्रम अन्तर्गत विभिन्न शाखा, उपशाखा, समितिका लागि विनियोजित बजेट तथा बाँडफाँड हुन बाँकी बजेटको कार्यक्रमगत बाँडफाँड र स्वीकृत गर्न तथा राष्ट्रिय परिचयपत्र तथा पन्जीकरण, युवा रोजगारीका लागि रुपान्तरण पहल परियोजना, प्रधानमन्त्री रोजगार कार्यक्रम, लघु उद्यम विकास कार्यक्रम र नगरस्तरिय योजना तथा कार्यक्रमहरुको संचालन एंव संशोधन गर्न नगरप्रमुखज्यूलाई अधिकार प्रत्यायोजन गर्ने निर्णय गरियो।

४. चालु आ.व.२०७९/२०८० मा नगरकार्यपालिकाबाट, नगरप्रमुखबाट र नगरकार्यपालिका कार्यालयबाट भए गरेका सम्पूर्ण निर्णयहरु अनुमोदन गर्ने निर्णय गरियो।

५. २०८० असार मसान्तसम्म भुक्तानी भएका सबै योजना तथा कार्यक्रमहरुको अनुमोदन र फरफारक गर्ने निर्णय गरियो।

६. आगामी आ.व. २०८०/०८१ मा नगरपालिकाका स्थायी कर्मचारीहरुको तलब, भत्ता सुविधा नेपाल सरकारले तोकेको दर र स्केल बमोजिम उपलब्ध गराउने गरी पेश भएको तलबी प्रतिवेदन स्वीकृत गर्ने र चालु आ.व. २०७९/०८० मा भुक्तानी भएको तलब, भत्ता सुविधा सहितको तलबी प्रतिवेदन अनुमोदन गर्ने निर्णय गरियो।

७. महालेखापरीक्षकको कार्यालयबाट भएको यस नगरपालिकाको आ.व २०७९/०८० को अन्तिम लेखापरीक्षण प्रतिवेदनमा औंल्याईएका असुल उपर गर्नुपर्ने, नियमित गर्नुपर्ने, प्रमाण कागजात पेश गर्नुपर्ने, पेश्की र अन्य सैद्धान्तिक बेरुजुहरु उपर दफावार छलफल गरी असुली, नियमित र फछ्र्यौट गर्न नगर कार्यपालिकालाई अधिकार प्रत्यायोजन गर्ने निर्णय गरियो।

राजकुमार नकर्मी
नगर प्रमुख

CamScanner

८. चालु आ.व. २०७९/०८० मा हालसम्म भएका रकमान्तर तथा शिर्षकान्तरलाई अनुमोदन गर्ने निर्णय गरियो।

९. हाल PLGSP कार्यक्रम अन्तर्गत विगत देखि यस नगरकार्यपालिका कार्यालयमा कार्यरत सुचना प्रविधि अधिकृतलाई आगामी आ.व. २०८०/०८१ का लागि नगरपालिकाले आर्थिक दायित्व ब्यहोर्ने गरी करार सम्झौता निरन्तरता दिने निर्णय गरियो।

१०. यस नगरपालिकामा सम्पूर्ण कानुनी बाधा अड्चन फुकाउनका लागि र न्यायिक समितिको कामकारवाहीमा सहकार्य गर्न, नगरपालिकाको तर्फबाट मुद्दा मामिलामा कानुनी व्यवसायीका रुपमा प्रतिनिधित्व गरि निवेदन, फिराद र प्रत्युत्तर पेश गरि बहस पैरवी गर्न तथा नगरपालिकाद्वारा निर्माण गरिने ऐन, कानुन, निर्देशिका एवं कार्यविधिहरु उपर आफ्नो कानुनी राय तथा सल्लाह दिन कानुनी सल्लाहकारको सेवा करारमा लिने अख्तियारी नगरकार्यपालिकालाई दिने निर्णय गरियो।

११. राष्ट्रिय परिचयपत्र तथा पञ्जीकरण विभागको सहयोग तथा समन्वयमा सञ्चालित सामाजिक सुरक्षा तथा व्यक्तिगत घटना दर्ता सुदृढिकरण आयोजना सञ्चालन निरन्तरता दिने निर्णय गरियो।

१२. आ.व. २०८०/०८१ मा स्वास्थ्य स्वयम सेवीकाहरुलाई प्रोत्साहन स्वरुप खाजा तथा परिवहन खर्च बापत मासिक रु.२०००।—(अक्षरुपी दुई हजार मात्र)प्रति व्यक्ति उपलब्ध गराउने निर्णयलाई निरन्तरता दिने गरियो ।

१३. घर घरमा स्थानीय सरकार कार्यक्रम अन्तरगत जन्म उपहार कार्यक्रमलाई प्रति व्यक्ति रु.३०००।—( अक्षरुपी रु.तीन हजार मात्र) र मृत्यु संस्कार कार्यक्रमलाई प्रति व्यक्ति रु.१०,०००।- ( अक्षरुपी रू. दश हजार मात्र ) कायम गरी कार्यक्रमलाई निरन्तरता दिने निर्णय गरियो । साथै यस कार्यक्रम मार्फत जन्म र मृत्युको हकमा वडा कार्यालयमार्फत घर दैलोमा नै घटना दर्ताको सेवा दिने निर्णय समेत गरियो।

१४. यस नगरकार्यपालिका कार्यालयको केन्द्र र वडा कार्यालयमा कार्यरत रहेका कर्मचारीहरुले साविक देखि नै मासिक रुपमा १० प्रतिशत प्रोत्साहन सुविधा खाईपाई आइरहकोमा आगामी आ.व. २०८०/०८१ मा सो सुविधा नगर कार्यपालिका कार्यालय र वडा कार्यालयमा कार्यरत दरबन्दी संरचना भित्रका कर्मचारी र स्वास्थ्य तर्फका कर्मचारीहलाई उपलब्ध गराउने निर्णय गरियो ।

१५. यस कीर्तिपुर नगरपालिका, नगर कार्यपालिकाको कार्यालयको संगठन ढाँचा सम्बन्धमा स्थानीय सरकार सन्चालन ऐन, २०७४ को परिच्छेद–११, प्रशासकीय सङ्गठन ढाँचा र कर्मचारी ब्यवस्था सम्बन्धी ब्यवस्था गरिएको र उक्त ऐनको दफा ८३ मा नगरपालिकाको आफ्नो कार्यबोझ, राजश्व क्षमता, खर्चको आकार, स्थानीय आवश्यकता र विशिष्ठता समेतलाई ध्यानमा राखी कर्मचारी समायोजन भए पश्चात

राजकुमार नकर्मी
नगर प्रमुख

CamScanner

सङ्गठन तथा व्यवस्थापन सर्वेक्षणका आधारमा सङ्गठन संरचना कायम गर्ने उल्लेख भएकोमा हाल समायोजनको कार्य समेत समाप्त भईसकेकोमा चालू आ.व. मा कर्मचारीको तलब भत्तामा खर्च गर्ने र संगठन तथा व्यवस्थापन सर्वेक्षण समय सापेक्ष परिमार्जन गरी कार्यालयको संगठनात्मक संरचना र आवश्यक दरवन्दी संख्या यकिन गरी स्वीकृत गर्न नगर कार्यपालिकालाई अधिकार प्रत्यायोजन गर्ने निर्णय गरियो।

१६. कीर्तिपुर नगरपालिकामा रहेका कानून शाखा तथा न्यायिक समितिबाट प्रदान गरिने सेवा प्रवाहलाई थप व्यवस्थित र प्रभावकारी वनाउन कानून शाखा तथा न्यायिक समिति प्रवर्द्धन कार्यक्रम सञ्चालन गर्ने निर्णय गरियो ।

१७. कीर्तिपुर नगरपालिका क्षेत्रभित्र रहेका सार्वजनिक जग्गाको लगत अद्यावधिक गरी त्यसको संरक्षण गर्न सार्वजनिक जग्गा संरक्षण कार्यक्रमलाई निरन्तरता दिने निर्णय गरियो।

१८. नगरपालिकाको नक्सा पास प्रकृयालाई थप सहज, सरल र प्रभावकारी बनाउनका लागि विद्युतिय भवन निर्माण ईजाजत प्रणाली सहित नक्सा पास सुधार कार्यक्रमलाई निरन्तरता दिने निर्णय गरियो।

१९. यस कीर्तिपुर नगरपालिकामा राजश्व संकलन कार्यलाई थप प्रभावकारी बनाउनका लागि घरदैलो राजश्व संकलन कार्यक्रमलाई निरन्तरता दिने निर्णय गरियो।

२०. यस कीर्तिपुर नगरपालिकाका सार्वजनिक स्थलको सरसफाई व्यवस्थापन कार्यलाई सुचारू गर्न सरसफाई कार्यक्रमलाई निरन्तरता दिने निर्णय गरियो।

२१. यस कीर्तिपुर नगरपालिका मातहतका सडक मर्मत सम्भार गरि अद्यावधिक गर्ने कार्य सञ्चालनका लागि सडक सुधार विशेष कार्यक्रमलाई निरन्तरता दिने निर्णय गरियो।

२२. यस कीर्तिपुर नगरपालिकामा स्थायी बसोबास गर्ने नेपाल सरकारले तोकेका गम्भीर प्रकृतिका रोग लागेका विपन्न बर्गका व्यक्तिहरुलाई निवेदन, सम्वन्धित वडाको सिफारिस र अस्पतालका कागजात प्रमाणका आधारमा वढीमा एकपटकका लागि रु.२५,०००/- (अक्षरुपी पच्चीस हजार मात्र) सम्म अन्य सामाजिक सहायता शीर्षकमा विनियोजित रकमको अधिनमा रही आर्थिक सहयोग गर्ने अधिकार नगर प्रमुखलाई दिर्ने निर्णय गरियो।

२३. नगरपालिकामा सामाजिक परिचालकको रुपमा कार्यरत १९ जना परिचालकहरु हाल जुनसुकै कार्यक्रम अन्तरगत रहेको भएता पनि निजहरुलाई साविक बमोजिम "सहायक स्तर चौथो तह" सरहको नेपाल सरकारले तोकेको शुरु तलब स्केल र सुविधा उपलब्ध गराउने निर्णय गरियो।

राजकुमार नकर्मी
नगर प्रमुख

CamScanner

२४. नगर प्रमुख, उप - प्रमुख र प्रमुख प्रशासकीय अधिकृतका सवारी चालकहरुलाई दैनिक रु. २०० (दुई सय) का दरले बढिमा मासिक रु. ६,०००/- (छ हजार) आगामी आ.व. २०८०/०८१ मा उपलब्ध गराउने निर्णय गरियो।

२५. चालु आ.व. ०७९/०८० मा वडा र नगरस्तरबाट बजेट विनियोजनको निर्णय भई योजना सञ्चालनका लागि सम्झौता पश्चात सञ्चालनको प्रकृयामा रहि सम्पन्न हुन बाँकी योजना तथा कार्यक्रमलाई सोहि योजना तथा कार्यक्रमहरुमा विनियोजित रकमबाट ठेक्का, उपभोक्ता समिति तथा विभिन्न संघ / संस्था / समूहसँग संझौता भएको रकम मध्ये भुक्तानी हुन बाँकी रकम सहित अ.ल्या. गरी आगामी आ.व.मा क्रमागत रुपमा निरन्तरता दिने निर्णय गरियो।

२६. सभाबाट स्वीकृत बजेट, योजना तथा कार्यक्रम संचालनका लागि आवश्यक पर्ने खर्चको मापदण्ड तथा नर्म्स स्वीकृत गरी कार्यान्वयन गर्न नगरकार्यपालिकालाई निर्देशन दिने निर्णय गरियो।

२७. नगरपालिकाबाट तोकिए बमोजिम स्थापना भएका र पछि स्थापना हुने कोषहरुलाई व्यवस्थित र प्रभावकारी रुपमा संचालन गर्न कार्यविधि तथा मापदण्ड समेत बनाई ती कोषबाट आम्दानी समेत हुने गरी कोषहरुको व्यवस्थापन तथा संचालन गर्न नगरकार्यपालिकालाई निर्देशन दिने निर्णय गरियो।

२८. यस नगरक्षेत्रमा बसोबास गर्ने व्यक्तिहरुको २०७२ सालको भूकम्प भन्दा पहिला घर/संरचना भत्किई घरपाताल भएको तर सम्बन्धित वडाबाट सर्जमिन मुचुल्का सहित घरपातालको सिफारिस भएर आइ नसकेको अवस्थामा सम्पत्ति कर तिर्ने प्रयोजनका लागि सम्बन्धित वडाले सर्जमिन मुचुल्का सहित सिफारिस गरेको आधारमा सर्जमिन मुचुल्का र सिफारिसमा उल्लेखित घरपाताल भएको मितिलाई नै आधार मानी सम्पत्ति कर असूल गर्ने निर्णय गरियो।

२९. कीर्तिपुर नगरपालिकाको भू-उपयोग योजना बनाई कार्यान्वयनका लागि प्रक्रिया र मापदण्ड तयार गरि लागु गर्ने अख्तियारी नगरकार्यपालिकालाई दिने निर्णय गरियो।

३०. शहरी विकास तथा भवन निर्माण मापदण्ड २०८०, लाई स्वीकृत गरी कार्यान्वयन गर्न नगरकार्यपालिकालाइ अधिकार प्रत्यायोजन गर्ने निर्णय गरियो।

३१. यस कीर्तिपुर नगरपालिकाको तेस्रो नगर सभा सम्पन्न गर्ने चरणसम्म सहयोग, समन्वय र रचनात्मक सल्लाह सुझाव दिनुहुने विभिन्न समितिका संयोजक तथा सदस्यज्यूहरु, विभिन्न राजनीतिक दलका प्रतिनिधीज्यूहरु, पत्रकार, बुद्धिजिवी, समाजसेवी, संघसंस्था तथा अन्य महानुभावलाई विशेष आभार व्यक्त गर्दै नगर सभा सम्पन्न गर्न जुनसुकै समयमा पनि कार्यमा खट्ने नगरकार्यपालिका र वडातहसम्मका सम्पूर्ण कर्मचारीहरु, स्वयमसेवी लगायत आम नगरवासीमा धन्यवाद दिने निर्णय गरियो।

राजकुमार नकर्मी
नगर प्रमुख

CamScanner